बैठक संख्या ४१ मिति २०७५/०९/२६

आज मिति २०७५ साल पौष २६ गते बिहिबार दिन अर्जुनधारा नगरपालिकाका नगरप्रमुख श्री हरिकुमार रानाज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको (बोर्ड) बैठक देहाय उपस्थितीमा बसी निम्नानुसार छलफल तथा निर्णयहरु गरियो ।

उपस्थिती:

| | | | | |
|---|---|---|---|---|
| १ | नगरप्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| २ | नगर उपप्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| ३ | वडाध्यक्ष | श्री गजाधर खतिवडा | सदस्य | |
| ४ | वडाध्यक्ष | श्री रघुनाथ खनाल | सदस्य | |
| ५ | वडाध्यक्ष | श्री जीवकुमार भण्डारी | सदस्य | |
| ६ | वडाध्यक्ष | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| ७ | वडाध्यक्ष | श्री ध्यानबहादुर भारती | सदस्य | |
| ८ | वडाध्यक्ष | श्री लोकनाथ गौतम | सदस्य | |
| ९ | वडाध्यक्ष | श्री नवराम ढुङ्गाना | सदस्य | |
| १० | वडाध्यक्ष | श्री गोपीचन्द्र गौतम | सदस्य | |
| ११ | वडाध्यक्ष | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| १२ | वडाध्यक्ष | श्री बलदेवसिंह गोम्देन तामाङ्ग | सदस्य | |
| १३ | वडाध्यक्ष | श्री भैरवबहादुर खड्का | सदस्य | |
| १४ | सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| १५ | सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| १६ | सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| १७ | सदस्य | श्री दिलमाया शिवा | सदस्य | |
| १८ | सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | |
| १९ | सदस्य | श्री खिनमान दास | सदस्य | |
| २० | सदस्य | श्री रमेशकुमार दर्जी | सदस्य | |
| २१ | प्रमुख प्रशासकीय अधिकृत | श्री पङ्कज भुर्तेल | सचिव | |
| २२ | खरिदार | श्री सौजन कट्वाल | | |
| २३ | न.प्र. स्वकीय सचिव | श्री गजेन्द्र खनाल | | |

मिति २०७५/०९/२६ गते बसेको नगर कार्यपालिका बैठककले गरेका निर्णयहरु :

१.प्रदेश सरकार ,भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय प्रदेश नं. १ विराटनगरबाट २ हजार, १ हजार लिटरको चिलिङ्ग भ्याट जेनेरेटर सहित र खसीबोका संकलज निर्माणका लागि साझेदारीमा प्रस्ताव आह्वान गरिएकामा उक्त कार्यक्रममा सहभागि हुन नगरपालिकाको तर्फबाट साझेदारीका लागि श्रोतको सुनिश्चितता गरी सम्बन्धित निकायमा प्रस्ताव पेश गर्ने ।

२.यस नगरपालिकाको पर्यटनको सम्भावनालाई मध्यनजर गर्दै पर्यटन क्षेत्रको विकासका निम्ति नगरपालिकाको पर्यटन गुरुयोजना निर्माण गर्न नेपाल पर्यटन बोर्ड समक्ष अनुरोध गर्ने ।

३.राष्ट्रपति चुरे मधेस तराई विकास समितिबाट यस नगरपालिकामा सञ्चालन हुने आयोजनाहरुको सम्पर्क कार्यालय वडा नं. ४ स्थित जेष्ठ नागरिक मिलन केन्द्रको भवनमा स्थापना गर्ने ।

४.अर्जुनधारा ६ महानन्द चौकबाट शनिश्चरे बजार हुँदै जयपुर जाने सडकको तोकिएको मापदण्ड अनुसार ट्र्याक खोल्ने कार्य अघि बढाउन सो सडकको निर्धारित क्षेत्र भित्ररहेका भौतिक संरचनाहरु हटाउन सम्बन्धित सरोकारवालाहरुका लागि १५ दिने सूचना प्रकासन गर्ने ।र कार्यन्वयनका लागि सम्बन्धित वडा तथा नगरस्तरीय पूर्वाधार विकास समिति लाई जिम्मेवारी दिने ।

५.सुनगाभा कृषि महिला समूह अर्जुनधारा ८ बाट शनिश्चरे बजार क्षेत्रमा सुरक्षित स्तनपान,महिला सूचना केन्द्र तथा ५ वर्ष मुनिका नाबालकहरुको लागि विश्रामलाय निर्माण गर्नका लागि स्थान माग भई आएको उक्त कार्यका लागि यस नगरपालिकाको स्वामित्वमा रहेको शनिश्चरे बजार स्थित नवनिर्मित व्यवसायिक भवनको माथिल्लो तलामा ठाउँ प्रदान गर्ने ।

६.अर्जुनधारा नगरपालिकाको हेभी इक्विपमेण्टहरुको सञ्चालनलाई व्यवस्थित गर्न बनेको कार्यविधि,२०७५ स्वीकृत गरी लागू गर्ने ।

अर्जुनधारा नगरपालिकाको कार्यालय, नगर कार्यपालिकाको कार्यालय, शनिश्चरे, झापा, १ नं. प्रदेश, नेपाल

२६/०९

हरी कुमार राना मगर
नगर प्रमुख

७.नेपाल विद्युत प्राधिकरण शनिश्चरे शाखाले अर्जुनधारा नगरपालिका लगायत बुद्धशान्ती गाउँपालिका एवं इलाम जिल्लाका केही भागमा समेत सेवा प्रदान गर्दै आएको र उक्त शाखाको आफ्नै जग्गामा भवन लगायत भौतिक पूर्वाधार समेत रहेकाले उक्त शाखालाई वितरण केन्द्रका रुपमा स्तरोन्नति गर्नका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

८.कनकाई विर्ता अर्जुन नविकरणीय उर्जा तथा फोहोर मैला व्यवस्थापन पब्लिक लि.बाट यस नगरपालिकाको समेत फोहोरमैलालाई दीगो रुपमा व्यवस्थापन गर्ने उद्देश्यले निर्माणाधिन ल्याणडफिल साइटको घेराबारा निर्माणका लागि आर्थिक सहयोग माग भंई आएकाले उक्त स्थानमा घेराबारा गर्नका लागि आवश्यक रकम रु १०,००,०००/- (दश लाख मात्र)विनियोजन गर्ने ।

९.वडा नं. १ लगायत स्थानहरुमा नदीको भाग गहिरिई कुलोमा पानि नउठ्ने गरेको समस्यालाई निवारण गर्न उक्त स्थानहरुमा जिल्ला अनुगमन समिति तथा सिँचाई कार्यालय समेतबाट अनुगमन गराई दीर्घकालिन समाधानका लागि उक्त स्थानमा चेक ड्याम निर्माण गर्न आवश्यक पहल गर्ने ।साथै,यस नगरपालिकाबाट नदिजन्य सामाग्री उत्खननका लागि ठेक्का लगाइएका स्थानमा सामाग्री उत्खननका विषयमा समस्या भईरहेको भन्ने सन्दर्भमा सरोकारवाला सबैपक्षको उपस्थितीमा एक सर्वदलीय भेला आयोजना गर्ने ।

१०.नगर कार्यपालिकाको कार्यालय भवन अगाडिबाट मूलबाटो जाने सडकमा पेभेज विछ्याउनका लागि बहुवर्षिय आयोजना सञ्चालन गर्न सोको लगत स्टमेट अनुसार हुन आउन रकम विनियोजन गर्ने ।

११.चालु आर्थिक वर्ष ०७५/०७६ का लागि पशु विकास शाखाको स्वीकृत कार्यक्रममा देहाय बमोजिम संशोधन तथा रकमान्तर गर्ने ।

| कार्यक्रम | साविक रकम (रु) | संशोधित रकम (रु) |
|---|---|---|
| पशुपंक्षी तथ्यांक संकलन तथा प्रकासन | ४,७०,०००/- | ४,२०,०००/- |
| सवारी साधन खरिद | ४,२०,०००/- | ४,७०,०००/- |

१२.यस नगरपालिकाका ४० जना डकर्मिहरुका लागि भुकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धि तालिम सञ्चालन गर्ने ।सा तालिम सञ्चालन गर्नका लागि रु ५,००,०००/- (पाँच लाख मात्र)विनियोजन गर्ने ।

१३.वडा नं ११ स्थित श्री महारानीगञ्ज माध्यमिक विद्यालयबाट उक्त विद्यालयमा विद्यार्थी अनुपातमा कक्षा कोठाको अभवा भएकाले ४ कोठे भवन प्रदेश सरकार समक्ष माग गर्न सिफारिस भई आएकाले उक्त विद्यालयमा ४ कोठे भवन निर्माणका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने ।

१४.अर्जुनधारा नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधिको बुँदा नं. ३ बमोजिम भोज्क निर्माण सेवा अर्जुनधारा ११ लाई घ वर्गको निर्माृण व्यवसायी इजाजतपत्र दिने ।

१५.शहरी विकास तथा भवन निर्माण विभाग यस नगरपालिकामा निर्माण गरिने बहुउद्देश्यीय भवनका जग्गा आवश्यक परेका हुनाले अर्जुनधारा नगरपालिका वडा नं ११ स्थित नेपाल नेत्रज्योति संघ त्रिपुरेश्वरको स्वामित्वमा रहेको साविक शनिश्चरे -६ मा रहेको कि.नं २६२ ज.वि.०-१३-५ जग्गामा निर्माण गर्न नगरपालिकाले हकभोग गर्ने गरी स्वीकृतिका लागि माग गर्ने ।

हरि कुमार राजा मगर
नगर प्रमुख